# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भदौ २५ गते २०४१ साल

श्री ५ को सरकार

### कृषि मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी पशु पंक्षीहरूको माध्यमबाट हुनसक्ने संक्रामक रोग नियन्त्रण तथा रोकथाम गर्ने सम्बन्धमा देहायको आदेश जारी गरेको छ ।

१. श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी पशु पंक्षीहरूको माध्यमबाट फैलिन सक्ने संक्रामक रोगहरू निर्मूल वा रोकथाम गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न पशु रोगसम्बन्धी विशेषज्ञलाई जाँच पडताल अधिकृत तोक्न सक्नेछ ।

२. खण्ड १ बमोजिम तोकिएका जाँच पडताल अधिकृतको काम र अधिकार देहाय-बमोजिम हुनेछ ।

(क) पशु पंक्षीहरूको माध्यमबाट सर्न सक्ने संक्रामक रोगहरूको नियन्त्रण वा रोकथाम गर्न पशु पंक्षीहरूको आवत जावतमा रोक लगाउने वा आवश्यक परीक्षण गरी आवत जावत गर्न दिने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५३

(ख) पशुजन्य पदार्थहरूको परीक्षण गर्ने ।

(ग) पशु पंक्षीहरूको दाना आहाराको परीक्षण तथा नियन्त्रण गर्ने ।

(घ) पशु पंक्षीहरूको स्वास्थ्य परीक्षण गरी प्रमाणपत्र वा इजाजतपत्र दिने।

(ङ) संक्रामक रोग देखापरेको ठाउँबाट दाना, पशुजन्य पदार्थ, पशु पंक्षीहरूको संसर्गमा आएका सामान जस्ता स्वास्थ्यमा असर पार्न सक्ने वस्तुहरू एक ठाउँबाट अर्को ठाउँमा लग्न रोक लगाउने ।

(च) पशु पंक्षीहरूलाई आवश्यकतानुसार क्वारिन्टीनमा राख्ने ।

(छ) पशु पंक्षीहरूको माध्यमबाट हुनसक्ने संक्रामक रोगहरूको निदान गर्न भ्याक्सिनेशन दिने दिलाउने, रोकथाम वा उपचारको अन्य उपाय प्रयोग गर्ने, गोठ जस्ता पशु पंक्षीको बाससँग सम्बन्धित र पशु पंक्षीले प्रयोग गर्ने अन्य सामान र साधनहरूलाई डिसइन्फेक्शन गर्ने गराउने ।

(ज) उक्त संक्रामक रोग निदानको लागि आवश्यक सेम्पलहरू लिने र परीक्षणको लागि प्रयोगशालामा पठाउने ।

(झ) रोगको असर देखिएका पशु पंक्षीहरू र पशुजन्य पदार्थहरूलाई आफ्नो नियन्त्रणमा लिई आवश्यक व्यवस्था गर्ने ।

(ञ) संक्रामक रोग देखिएका ठाउँहरूबाट पशुहरूको आवत जावतमा प्रतिबन्ध लगाउने ।

(ट) संक्रामक रोग देखापरेको ठाउँबाट पशुहरू तथा पशुजन्य उत्पादित चीजबीजहरू ल्याउने वा सो ठाउँमा नयाँ वस्तुहरू लग्न प्रतिबन्ध लगाउने ।

(ठ) सम्बन्धित ठाउँको व्यवस्थापनको निरीक्षण गर्न सक्ने ।

(ड) कुनै विशेष परिस्थितिमा रोग निर्मूल वा रोकथाम गर्ने सिलसिलामा क्षतिपूर्ति दिन आवश्यक परेमा श्री ५ को सरकारसमक्ष स्वीकृतिको लागि राय पेश गर्ने ।

(ढ) अधिराज्यमा देखापर्ने वा उत्पन्न हुनसक्ने रोगहरूमध्ये सबैभन्दा महत्वपूर्ण रोगलाई निर्मूल वा रोकथाम गर्न कानूनी व्यवस्था गर्न श्री ५ को सरकारसमक्ष स्वीकृतिको लागि राय पेश गर्ने ।

आज्ञाले,
पृथुनरसिंह राणा
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८४